नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

## सूची दर्ता गराउने सम्बन्धी सूचना

प्रकाशित मिति ०७६।०४।०६

यस मन्त्रालयलाई आ.व. ०७६।७७को लागि आवश्यक पर्न सक्ने निम्नानुसारका सामान तथा सेवाहरू आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरूबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूची (standing list) मा दर्ता वा अद्यावधिक हुनका लागि यो सूचना मन्त्रालयको वेभसाइटमा प्रकाशित भए पश्चात रू. १० को हुलाक टिकट टाँसी यस मन्त्रालयको स्टोर शाखामा निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक सामान तथा सेवाहरूको विवरणः**

१. मसलन्द तथा स्टेशनरी र कार्यालय प्रयोजनका अन्य विविध फुट्कर सामाग्रीहरू आपूर्ति सम्बन्धी कार्य ।
२. फर्निचर सप्लाई तथा मर्मत सम्भार सम्बन्धी कार्य ।
३. छपाई सम्बन्धी कार्य ।
४. सवारी साधनहरू खरिद, पार्टपूर्जा, टायर आदि आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
५. जार तथा बोतलको पिउने पानी (मिनरल वाटर) आपूर्ति सम्वन्धी कार्य ।
६. कम्प्युटर, प्रिन्टर, फोटोकपी, फ्याक्स, नेटवर्किङ् उपकरण आदि इलेक्ट्रोनिक सामान र सो का पार्टपूर्जा आपूर्ति, मर्मत तथा परामर्श सम्बन्धी कार्य ।
७. एयरकण्डीशन, जेनेरेटर, युपिएस, ब्याट्री आदि विभिन्न किसिमका विद्युतीय सामग्रीहरू र सो का पार्टपूर्जा आपूर्ति, मर्मत तथा परामर्श सम्बन्धी कार्य ।
८. पत्रपत्रिका र पुस्तक आपूर्ति सम्बन्धी कार्य ।
९. सर्भर, नेटवर्किङ्ग, वेभ साइट, इन्टरनेट, सफ्टवेयर, डाटा इन्ट्री आदि आपूर्ति, परामर्श तथा मर्मत सम्बन्धी कार्य ।
१०. कम्प्युटर, भाषा, ड्राईभिङ तथा अन्य सिपमूलक तालिम लगायतका मानव संसाधन विकास सम्बन्धी कार्यहरू
११. कार्यालय भवनको निर्माण, मर्मत सम्भार तथा रंगरोगन आदिका लागि आवश्यक सामग्री आपूर्ति एवं निर्माण, मर्मत तथा रंगरोगन सम्वन्धी कार्य ।
१२. विभिन्न किसिमका अध्ययन अनुसन्धान गोष्ठी तथा विशेषज्ञको परामर्श सेवा सम्बन्धी कार्य ।
१३. निर्माण, आपूर्ति तथा सेवा कार्यको बोलपत्र कागजात तयारी, मूल्याङ्कन तथा परामर्श सेवा सम्बन्धी कार्य ।
१४. कार्यालयको सरसफाइ र बगैंचा हेरचाह सम्बन्धी कार्य ।
१५. श्रव्यदृश्य कार्यक्रम उत्पादन, प्रसारण तथा विज्ञापन सम्बन्धी कार्य ।
१६. हवाई वा अन्य टिकटहरू उपलब्ध गराउने सम्बन्धी कार्य ।
१७. भाडामा सवारी साधनहरू उपलब्ध गराउने सम्बन्धी कार्य ।
१८. कुरियर सेवा उपलब्ध गराउने कार्य ।

**दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरू**

क. संस्था, फर्म, कम्पनी तथा व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
ख. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
ग. अघिल्लो आ.व. सम्मको कर चुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजात वा म्याद थप सम्बन्धी पत्रको प्रमाणित प्रतिलिपी ।
घ. आवश्यकता अनुसारको व्यवसायिक इजाजतपत्रको प्रमाणित प्रतिलिपी ।
ङ. खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणा पत्र ।

**शर्तहरूः**

क. मौजुदा सूचीमा दर्ता हुनका लागि दिइने निवेदनको ढाँचा सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची २क बमोजिम हुनुपर्नेछ ।
ख. आफ्नो फर्मले जुन कार्य गर्न वा सामान आपूर्ति वा सेवा दिन इजाजत प्राप्त गरेको हो सोही समूहको लागि मात्र सूचि दर्ता गराउन सकिनेछ ।
ग. माथि उल्लेखित प्रत्येक विषयगत कार्यको लागि स्पष्ट रूपमा खुल्ने गरी छुट्टा छुट्टै निवेदन दर्ता गराउनु पर्नेछ ।
घ. म्याद नाघी प्राप्त भएका वा रित नपुगेका निवेदन उपर कुनै कारवाही हुने छैन ।
ङ. प्राप्त निवेदन स्विकार गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहनेछ ।
च. यस सूचना अनुसार दर्ता भएको सूचि आ.व. २०७६।०७७ को लागि मात्र मान्य हुनेछ ।

Scanned by CamScanner